# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना १

नेपाल सरकारले संवत् २०८१ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि देहाय बमोजिमको सार्वजनिक, पर्व एवम् सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**१. <u>वर्षभरिका शनिबार बिदाः</u>**

| | |
|---|---|
| (क) वैशाख - १, ८, १५, २२, २९ | (छ) कात्तिक - ३, १०, १७, २४ |
| (ख) जेठ - ५, १२, १९, २६ | (ज) मङ्सिर - १, ८, १५, २२, २९ |
| (ग) असार - १, ८, १५, २२, २९ | (झ) पुस - ६, १३, २०, २७ |
| (घ) साउन - ५, १२, १९, २६ | (ञ) माघ - ५, १२, १९, २६ |
| (ङ) भदौ - १, ८, १५, २२, २९ | (ट) फागुन - ३, १०, १७, २४ |
| (च) असोज - ५, १२, १९, २६ | (ठ) चैत - २, ९, १६, २३, ३० |

**२. <u>पर्व बिदाहरूः</u>**

२.१ मुलुकभरि सार्वजनिक बिदा हुने पर्वहरूः

(क) नव वर्ष - वैशाख १ गते शनिबार।

(ख) रामनवमी - वैशाख ५ गते बुधबार ।

(ग) चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बुद्ध जयन्ती, राई, लिम्बू, याक्खा, सुनुवारलगायतका किराँत समुदायको उभौली पर्व - जेठ १० गते बिहीबार ।

(घ) रक्षाबन्धन - भदौ ३ गते सोमबार ।

(ङ) श्रीकृष्ण जन्माष्टमी - भदौ १० गते सोमबार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) घटस्थापना - असोज १७ गते बिहीबार।

(छ) दशैं बिदा:
असोज २४ गते बिहीबारदेखि असोज २८ गते सोमबारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

(ज) तिहार बिदा (कात्तिक १५ गते बिहीबारदेखि कात्तिक १९ गते सोमबारसम्म) :-

- लक्ष्मी पूजा - कात्तिक १५ गते बिहीबार।
- म्हपूजा, नेपाल संवत् प्रारम्भ, गोवर्धन पूजा - कात्तिक १७ गते शनिबार।
- भाइ टीका/किजा पूजा - कात्तिक १८ गते आइतबार।

(झ) छठ पर्व - कात्तिक २२ गते बिहीबार।

(ञ) इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५) - पुस १० गते बुधबार।

(ट) धान्य पूर्णिमा - किराँत समुदायको उधौली पर्व, योमरी पुन्हि (ज्यापु दिवस) - मङ्सिर ३० गते आइतबार

(ठ) तमु ल्होसार - पुस १५ गते सोमबार।

(ड) माघी पर्व/माघे सङ्क्रान्ति- माघ १ गते मङ्गलबार।

(ढ) सोनम ल्होसार - माघ १७ गते बिहीबार।

(ण) महाशिवरात्री - फागुन १४ गते बुधबार।

(त) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्पो ल्होसार- फागुन १६ गते शुक्रबार।

(थ) इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद उल फित्र) का दिन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) इस्लाम धर्मावलम्बीहरूको पर्व बकर ईद (ईद उल अजहा) का दिन।

(ध) फागुपूर्णिमा- हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लामा फागुन २९ गते बिहीबार तराईका देहायका जिल्लामा चैत १ गते शुक्रबार।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ७. | धनुषा | १३. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | १९. | बर्दिया |
| २. | मोरङ | ८. | महोत्तरी | १४. | नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | २०. | कैलाली |
| ३. | सुनसरी | ९. | सर्लाही | १५. | रुपन्देही | २१. | कञ्चनपुर |
| ४. | सप्तरी | १०. | रौतहट | १६. | कपिलवस्तु | | |
| ५. | सिराहा | ११. | बारा | १७. | दाङ | | |
| ६. | उदयपुर | १२. | पर्सा | १८. | बाँके | | |

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक पर्व बिदाहरू:-

(क) गाईजात्रा - भदौ ४ गते मङ्गलबार (देशभरका नेवार समुदायका लागि मात्र)।

(ख) गौरा पर्व - भदौ १० गते सोमबार।

(ग) सिरुवा पावनीको दिन - सो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिराहा र सप्तरी जिल्लामा।

**३. <u>महिला कर्मचारीहरूको लागि मात्रः-</u>**

(क) हरितालिका (तीज) व्रत – भदौ २१ गते शुक्रबार।

(ख) जितिया पर्व - असोज ९ गते बुधबार (जितिया पर्व मनाउने महिला कर्मचारीको लागि)।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **<u>शिक्षण संस्थाहरूको लागि मात्रः-</u>**

वसन्त पञ्चमी - माघ २१ गते सोमबार।

५. **<u>जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):-</u>**

(क) गाईजात्रा - भदौ ४ गते मङ्गलबार।

(ख) इन्द्रजात्रा - असोज १ गते मङ्गलबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन)

(घ) घोडेजात्रा - चैत १६ गते शनिबार।

६. **<u>दिवस बिदाः-</u>**

६.१ मुलुकभरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरूः-

(क) विश्व मजदुर दिवस- (मे १) वैशाख १९ गते बुधबार।

(ख) गणतन्त्र दिवस - जेठ १५ गते मङ्गलबार।

(ग) संविधान दिवस (राष्ट्रिय दिवस)-असोज ३ गते बिहीबार ।

(घ) सहिद दिवस - माघ १६ गते बुधबार।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते बुधबार।

(च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते शनिबार।

६.२ अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्रः-

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (डिसेम्बर ३) - मङ्सिर १८ गते मङ्गलबार (अपाङ्गता भएका नेपालभित्रका सम्पूर्ण कर्मचारीको लागि मात्र)।

७. **<u>जन्मजयन्ती बिदाः-</u>**

७.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक जन्मजयन्ती बिदाः-

(क) बुद्ध जयन्ती - जेठ १० गते बिहीबार।

(ख) पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) - पुस २७ गते शनिबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७.२ सम्बन्धित धर्मावलम्बीहरूका लागि मात्र:-

(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते आइतबार (किराँत धर्मावलम्बी)

(ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्बी)

(ग) गुरु नानक जयन्ती - कात्तिक ३० गते शुक्रबार (नेपाली सिख धर्मावलम्बी)

**८. <u>राष्ट्रियरूपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरू:-</u>**

(क) जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस - जेठ २१ गते सोमबार।

(ख) निजामती सेवा दिवस - भदौ २२ गते शनिबार।

**९. <u>विदेशस्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने।</u>**

**१०. <u>सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्था:</u>**

१०.१ प्रकरण २.१ अन्तर्गतका पर्व बिदामध्ये खण्ड (ख) को रामनवमी, खण्ड (ग) को चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) उभौली पर्व, खण्ड (घ) को रक्षाबन्धन, खण्ड (ङ) को श्रीकृष्ण जन्माष्टमी, खण्ड (च) को घटस्थापना, खण्ड (ञ) को क्रिसमस डे, खण्ड (ट) को धान्य पूर्णिमा- उँधौली पर्व/योमरी पुन्हि (ज्यापु दिवस), खण्ड (ठ) को तमु ल्होसार, खण्ड (ड) को माघी पर्व/माघे सङ्क्रान्ति, खण्ड (ढ) को सोनम ल्होसार, खण्ड (ण) को महाशिवरात्री, खण्ड (त) को ग्याल्पो ल्होसार, खण्ड (थ) को ईद (ईद उल फित्र) र खण्ड (द) को बकर ईद (ईद उल अजहा); प्रकरण ५ को जात्रा बिदाअन्तर्गतका गाईजात्रा, इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखाउने जात्रा र घोडेजात्रा बिदा; प्रकरण ६.१ अन्तर्गतका सार्वजनिक दिवस बिदामध्ये खण्ड (ख) को गणतन्त्र दिवस, खण्ड (घ) को सहिद दिवस, खण्ड (ङ) को राष्ट्रिय प्रजातन्त्र दिवस र खण्ड (च) को अन्तर्राष्ट्रिय महिला दिवस बिदा र प्रकरण ७.१ को जन्मजयन्ती बिदाअन्तर्गतका बुद्ध जयन्ती र पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) बिदाका दिनमा देहायका सेवा प्रवाह गर्ने कार्यालयहरू (कूटनीतिक नियोगसमेत) ले पूर्ण रूपमा खुल्ने कार्यालय दिन सरह नियमित रूपमा सेवा प्रवाह गर्नु पर्नेछ। यसरी प्रवाह हुने सेवाका बारेमा कार्यालयको सूचनापाटी तथा वेबसाइटमार्फत सूचना प्रवाह गर्नु पर्नेछ। साथै सेवा प्रवाह भए/नभएको सम्बन्धमा जिल्लास्थित सरकारी तथा सार्वजनिक निकायको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले र केन्द्रीय निकायको हकमा गृह मन्त्रालय/ सम्बन्धित मन्त्रालय/विभागले नियमित अनुगमन गर्नु पर्नेछः-

(क) नागरिकतासम्बन्धी सेवा,

(ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी सेवा,

(ग) राहदानी सम्बन्धी सेवा,

(घ) कन्सुलर सम्बन्धी सेवा,

(ङ) भन्सार तथा राजस्व सम्बन्धी सेवा (राजस्व अनुसन्धानसमेत),

(च) क्वारेन्टाइन सम्बन्धी सेवा,

(छ) सवारी अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र प्रदुषण जाँचलगायतका यातायात व्यवस्थापन सम्बन्धी सेवा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) उद्योग, वाणिज्य र कम्पनी प्रशासन सम्बन्धी सेवा,

(झ) वैदेशिक रोजगार सेवा,

(ञ) मालपोत तथा नापी सम्बन्धी सेवा,

(ट) भेटेरिनरी सेवा,

(ठ) खानेपानी सम्बन्धी सेवा,

(ड) विद्युत सम्बन्धी सेवा,

(ढ) सडक तथा ढल मर्मत सम्भार सम्बन्धी सेवा,

(ण) खाद्य तथा गुणस्तर परीक्षण सेवा,

(त) वैदेशिक अध्ययन अनुमति (NOC) सम्बन्धी सेवा,

(थ) नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा,

(द) प्रदेश सरकार र स्थानीय तहले तोकेका माथि खण्ड (क) देखि (थ) सँग सम्बन्धित सार्वजनिक सेवा तथा प्रदेश सरकार र स्थानीय तहबाट जनतालाई प्रवाह गरिने अन्य सेवाहरू,

(ध) बैङ्क, बिमा तथा वित्तीय संस्थाबाट प्रदान गरिने सबै प्रकारका सेवाहरू,

(न) सबै प्रकारका अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सम्बन्धी सेवा (बहिरङ्ग सेवासमेत),

(प) दूरसञ्चार सम्बन्धी सेवा (साइबर सेक्युरिटी तथा इन्टरनेटसमेत),

(फ) सबै सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय/क्याम्पस/सबै सार्वजनिक एवं संस्थागत विद्यालय एवं विभिन्न निकाय तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षण संस्थाबाट सञ्चालन हुने परीक्षा सम्बन्धी सेवा,

(ब) सम्बन्धित मन्त्रालय/निकायले जनतालाई प्रत्यक्ष सेवा प्रवाहका लागि तोकेका अन्य सेवाहरू।

१०.२ अस्पताल, दूरसञ्चार, प्रहरी, अध्यागमन, भन्सार, कारागार, फोहोरमैला व्यवस्थापन, फायरब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक, शान्ति सुरक्षा, विपद् आदिजस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमासमेत दैनिक काम नरोकिने गरी सेवा प्रवाह गर्नु पर्नेछ।

१०.३ प्रकरण १०.१ र १०.२ बमोजिम अत्यावश्यक र आकस्मिक सेवा सञ्चालन गर्ने निकाय तथा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको लागि आलोपालो मिलाई सट्टा बिदा दिनुपर्ने व्यवस्था त्यस्ता निकाय तथा कार्यालयहरू स्वयंले मिलाउनु पर्नेछ।

**११. <u>कार्यालय समयः</u>**

(क) नेपाल राज्यभरका सबै सरकारी कार्यालयहरूमा संवत् २०८१ साल वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा संवत् २०८१ साल माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म हुने र संवत् २०८१ साल कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म हुने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म हुने ।

**१२. अत्यावश्यक तथा आकस्मिक सेवाको व्यवस्थापन:**

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिमका आवश्यक सेवाहरू (डाँक तार वा टेलिफोन सेवा/जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरू ओसार पसार गर्न यातायात सेवा/हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा/हवाई ग्राउण्ड, रेल्वे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा/ मिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा/हातहतियार, खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित रक्षा व्यवस्थाको कुनै सेवा/नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अरू जुन सुकै सेवा) र अन्य आकस्मिक सेवासम्बन्धी व्यवस्थालाई मध्यनजर राखी प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मेडिकल सुपरिटेण्डेन्ट/जिल्ला स्वास्थ्य कार्यालय प्रमुख, जिल्ला समन्वय अधिकारी र जिल्ला प्रहरी प्रमुख सदस्य तथा सहायक प्रमुख जिल्ला अधिकारी सदस्य-सचिव रहने समिति गठन गरी यस्ता सेवाहरू सार्वजनिक बिदाको दिनसमेत सुचारु रूपले सञ्चालन तथा प्रवाह गर्न अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ।

**द्रष्टव्यः**

(क) नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारले आ-आफ्नो प्रदेशको धर्म, संस्कृति र रीतिस्थितिसमेतलाई दृष्टिगत गरी घोषणा गरेका बढीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षको ६ दिनसम्मको सार्वजनिक बिदामा सम्बन्धित प्रदेशमा रहेका सङ्घीय सरकारका कार्यालयमा समेत सार्वजनिक बिदा हुनेछ। तर प्रदेश सरकारले आफ्नो प्रदेशभरि लागू हुने गरी ६ दिनभन्दा बढी सार्वजनिक बिदा घोषणा गरेमा र काठमाडौं उपत्यकाका तीन जिल्लाको हकमा गृह मन्त्रालयले निर्णय गरेबमोजिम हुनेछ।

(ख) प्रदेश सरकारले आफ्नो प्रदेशभरि लागु हुने गरी घोषणा गरेका सार्वजनिक बिदा वर्षको सुरुमै प्रदेश राजपत्रमा प्रकाशन भएपछि सम्बन्धित प्रदेशस्थित सङ्घीय सरकारका कार्यालयमासमेत सार्वजनिक बिदा हुने ६ दिनहरू कुन-कुन हुने भन्ने सम्बन्धमा प्रदेश राजधानी रहेका जिल्ला प्रशासन कार्यालय स्वयंले यकिन गरी अग्रीम रूपमा गृह मन्त्रालयमा सार्वजनिक बिदाका लागि अनुरोध गरी पठाउनु पर्नेछ।

(ग) "आधा दिन" भन्नाले संवत् २०८१ साल वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा संवत् २०८१ साल माघ १६ गतेदेखि चैत मसान्तसम्म दिनको १:३० बजे र संवत् २०८१ साल कात्तिक १६ गतेदेखि २०८१ साल माघ १५ गतेसम्मको लागि दिनको १:०० बजेसम्म सम्झनु पर्छ।

(घ) खाजा समयः दिउसो १:३० बजेदेखि २:०० बजेसम्म हुनेछ। यससम्बन्धी सूचना हरेक कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ र खाजा समयबाहेकको अन्य समयमा सेवा प्रवाह र कार्यालयको काम नरोक्ने व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले खण्ड ७२, सङ्ख्या, ६५, मिति २०७९/१२/०२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित संवत् २०८० साल फागुन १ गते मङ्गलबारका लागि निर्धारण गरिएको जनयुद्ध दिवसको बिदा कायम नरहने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**दिनेश भट्टराई**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।